# मध्यवर्ति कार्यक्रमः सहभागितामूलक संरक्षणको एक ढाँचा

✍ नयाँ शर्मा पौडेल[*], प्रभु बुढाथोकी[**], उदय राज शर्मा[***]

## परिचय

यो लेखमा नेपालका संरक्षित क्षेत्र जस्तै राट्रिष्य निकुञ्ज र वन्यजन्तु आरक्षका वरपर लागू भएको मध्यवर्ति कार्यक्रमको बारेमा चर्चा गरिएको छ। करिब एक दशक अगाडि चितवत राष्ट्रिय निकुञ्जबाट सुरू गरिएको यो कार्यक्रम हाल ११ वटा संरक्षित क्षेत्रमा लागू भएको छ। हालसम्मको अनुभवका आधारमा सरकार, संरक्षणविद् र विकासकर्मीहरू सबैले यस कार्यक्रमबाट संरक्षण र स्थानीय जिवीकोपार्जन दुबैमा सकारात्मक परिवर्तन ल्याउन सक्ने देख्दछन्। वास्तवमा प्रकृति संरक्षणलाई सहभागीमूलक प्रक्रियाद्धारा स्थानीय जीविकोपार्जनसँग जोड्ने सवालमा यो एक महत्वपूर्ण ढाँचा साबित हुदै आएको छ। यस लेखमा यो कार्यक्रमसँग सम्वन्धित नीतिगत, संस्थागत र कार्यान्वयन तहमा गरिएका प्रयत्नहरूको विश्लेषण गर्दै यसका उपलब्धीहरूलाई केलाइएको छ। साथै कार्यक्रमको संरचना र कार्यान्वयन प्रक्रियामा उठेका मुख्य सवालहरू पहिचान गरी तिनको संवोधनका लागि केही सुझावहरू अगाडि सारिएको छ।

## उत्थान र विकास

मध्यवर्ति क्षेत्र भन्नाले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष वा शिकार आरक्षको वरिपरी रहेको सरकारी, सार्वजनिक वा नीजि जमीन, जङ्गल, नदी, खोला, सिमसार क्षेत्र, हिमश्रृंखलालाई समेत बुझिन्छ। निकुञ्ज वा आरक्षका वन्यजन्तुहरू बाहिर आइ विचरण गर्न सक्ने तथा बाहिरका बासिन्दाहरू पनि वन स्रोतका लागि यही क्षेत्रमा भर पर्ने हुँदा यो क्षेत्र संरक्षण र जीविकोपार्जन दुबै उद्धेश्यका लागि प्रयोग हुँदै आएको छ। धेरैजसो निकुञ्ज र आरक्ष क्षेत्र बाहिर घना बस्तीको विस्तार तथा सघन कृषि वा अन्य गतिविधिहरू बढ्दै गएकोले निकुञ्ज तथा आरक्षहरूमाथिको स्रोतमा निर्भरता बढ्दै गएको छ। यसबाट स्थानीय जनता र संरक्षित क्षेत्र व्यवस्थापनका बीचको द्वन्द्वलाई मलजल मिलेको छ।

संरक्षित क्षेत्र र स्थानीय जनता बीचको द्वन्द्व विश्वभरी, खासगरी विकासोन्मुख देशको आम समस्या भएपनि, नेपालमा यो समस्याको उत्पत्ति र यसका प्रभावहरू भिन्न खालका छन्। एकातिर परम्परागत कृषि, माछा मार्ने र जङ्गली कन्दमूलमा भर पर्ने समुदायको जीविका, अर्कोतिर स्रोत र

[*] फरेष्टएक्सन नेपाल

[**] आई.यु.सि.एन., नेपाल

[***] वातावरण मन्त्रालय

स्थानीय समुदायको आर्थिक तथा साँस्कृतिक सम्बन्धहरूलाई वेवास्ता गरी केन्द्रिय निर्णय लाद्ने शासकिय परम्पराका कारण नेपालमा यी द्वन्द्वहरू विशिष्ट प्रकृतिका छन्। संरक्षित क्षेत्र व्यवस्थापनमा देखा परेका यिनै समस्याहरूसँग परिचित सम्बन्धित क्षेत्रका विज्ञहरूको निरन्तर प्रयत्न, यस दिशामा विकास भइरहेका अन्तर्राष्ट्रिय अनुभवहरू तथा उपलब्ध आर्थिक तथा प्राविधिक सहयोगको फलस्वरूप मध्यवर्तिको अवधारणालाई २०५४ देखि एकिकृत संरक्षण र विकास कार्यक्रमको रूपमा नेपालमा लागू गरिएको छ। मध्यवर्ति कार्यक्रमको अवधारणा र कार्यान्वयनलाई संरक्षण र जीविकोपार्जन बीच सम्बन्ध सुदृढ गर्दै संरक्षित क्षेत्र व्यवस्थापनसँग सम्बन्धित द्वन्द्वहरूलाई समाधान गर्ने एक रणनीतिको रूपमा हेर्नुपर्दछ।

मध्यवर्ति क्षेत्रमा प्राकृतिक स्रोतको संरक्षण गरि स्थानीय आवश्यकता पूर्ति गर्ने र संरक्षित क्षेत्रमा पर्दै गरेको चाप घटाउने यस कार्यक्रमको मुख्य उद्धेश्य हो। यसका लागि उक्त क्षेत्रको भू-उपयोग तथा स्रोत व्यवस्थापनमा केही नियन्त्रण गर्ने र त्यस वापत संरक्षित क्षेत्रको आम्दानीको आधा हिस्सा स्थानीय विकासमा खर्च गर्ने रणनीति लिइएको छ। स्थानीय समुदायमा रहेको आर्थिक गरिबी नै स्रोतमाथिको अधिक निर्भरताको मूल कारण हो र आर्थिक सहयोग दिएर यो निर्भरतालाई कम गर्न सकिन्छ भन्ने बुझाइबाट यो कार्यक्रम निर्देशित देखिन्छ। साथै मध्यवर्ति क्षेत्रको राम्रो संरक्षण भएमा निकुञ्ज तथा आरक्ष भित्रका वन्यजन्तुलाई पनि फराकिलो बासस्थान उपलब्ध हुन सक्ने भएकोले सरकारले यस कार्यक्रमलाई महत्व दिएको देखिन्छ।

मध्यवर्ति कार्यक्रम कार्यान्वयनका लागि सरकारले आवश्यक ऐन, नियम र निर्देशिकाहरूको व्यवस्था गरेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ लाई २०४९ मा संशोधन गरी यसमा मध्यवर्तिको प्रावधान थपियो। त्यसकै आधारमा २०५२ सालमा मध्यवर्ति क्षेत्र व्यवस्थापन नियमावली पारित भयो। यिनै कानुनी आधारमा २०५४ सालदेखि मध्यवर्ति कार्यक्रम सुरूमा चितवन, बर्दिया गर्दै क्रमशः अन्य संरक्षित क्षेत्रमा लागू गरियो। सुरूमा निकुञ्ज प्रशासनको अगुवाइमा गाँउ विकास समिति स्तरीय भेलाहरू मार्फत मध्यवर्ति उपभोक्ता समितिहरूको गठन भयो। त्यस लगतै उपभोक्ता समिति अध्यक्षहरू, सम्बन्धित जिल्लाका जिल्ला विकास समिति ( जि.वि.स.) का प्रतिनिधिहरू एवं संरक्षक सहितको मध्यवर्ति व्यवस्थापन परिषद गठन गरियो। साथै मध्यवर्ति व्यवस्थापन समिती गठन विधिलाई बढि समावेशी र लोकतान्त्रिक बनाउन समिति अर्न्तगत उपभोक्ता समूहहरू निर्माण गरी समूह प्रतिनिधीहरूबाटै समिति गठन गर्ने परम्परा बसाइयो।

हालको कानुनी व्यवस्था अनुसार हरेक मध्यवर्ति क्षेत्रलाई बढीमा २१ वटा इकाइमा छुट्याइएको हुन्छ। हरेक इकाइ अन्तर्गत थुप्रै उपभोक्ता समूहहरू निर्माण हुन सक्छन्। स-साना गाँऊ स्तरका यी समूहहरू पुरूष र महिलाका फरक फरक वा मिश्रित पनि हुन सक्छन्। हरेक इकाइमा उक्त क्षेत्र भित्रका सबै समूहका अध्यक्ष र सचिवहरूको साधारण भेलाले एक उपभोक्ता समिति गठन गर्दछ। यसरी गठित समितिका सबै अध्यक्षहरू सहभागी भएको एक मध्यवर्ति क्षेत्र व्यवस्थापन समिति बन्छ। यसमा सम्बन्धित जिल्ला विकास समितिको प्रतिनिधि पनि सदस्य रहने व्यवस्था छ।

सम्बन्धित संरक्षित क्षेत्रको प्रमुख संरक्षक उक्त व्यवस्थापन समितिको पदेन सदस्य सचिव रहने व्यवस्था छ ।

**चित्र १: मध्यवर्ति कार्यक्रमको संस्थागत संरचना**




सुरुवातका दिनमा उपभोक्ता समिति र व्यवस्थापन समितिको गठन सँगै निकुञ्जको आम्दानीको ५०% रकम परिषद मार्फत उपभोक्ता समितिहरूलाई उनीहरूले पेश गरेका योजनाहरूका आधारमा वितरण गरियो । उपभोक्ता समितिहरूले योजना सम्पन्न गर्दै फर्स्यौट गर्दै नँया योजनाका लागि रकम माग गर्ने प्रक्रियामा गए । सुरूमा ज्यादाजसो भौतिक पूर्वाधार जस्तै बाटो ग्राबेल, स्कुल भवन, ग्रामीण विद्युतीकरण, नदी तटबन्धन, तारबार आदि र यी निर्माणका योजनाहरू संचालन भए योजनाहरूले समग्र खर्चको ८०% भन्दा ठूलो भाग ओगटे। तर बिस्तारै यसबाट स्थानीय जीविकामा हुनुपर्ने जति सहयोग नपुगेको र दिगो विकासलाई टेवा नपुगेको महसुस हुन थाल्यो । यसै कुरालाई मध्यनजर गरी विकास योजनाका चार क्षेत्रहरू पहिचान गरी हरेक शिर्षकमा खर्च गर्न सकिने रकमको हदबन्दी तोकियो ।

मध्यवर्ति कार्यक्रमको कानुनी व्यवस्था अनुसार सम्बन्धित निकुञ्ज वा आरक्षले गरेको आम्दानीबाट ३०%-५०% रकम त्यहिको मध्यवर्ति क्षेत्रमा खर्च गर्नुपर्छ । यस प्रयोजनका लागि छुट्याइएको रकम मध्यवर्ति व्यवस्थापन समितिले उपभोक्ता समितिहरू मध्ये कसलाई कति दिने भनि छुट्याउँछ । यसका लागि हरेक समितिको क्षेत्रफल, जनसंख्या तथा निकुञ्ज क्षेत्रसँगको सामिप्यता र वन्यजन्तुको प्रभाव समेतलाई ख्याल गरी उपलब्ध गराउने रकम तोकिन्छ । उपभोक्ता समितिहरूले आफुलाई उपलब्ध हुनसक्ने रकम भित्र विभिन्न योजनाहरू राखि संरक्षक समक्ष पेश गर्दछन् । हालका प्रावधान अनुसार योजनाहरू पेश गर्दा समितिहरूले विभिन्न चार शिर्षकमा सन्तुलित प्राथमिकता सहित योजना बनाउँछन् । हालको प्रावधान अनुसार (संरक्षण कार्यक्रममा ३०%, सामुदायिक विकासमा

३०%, आय आर्जन तथा सीप विकासमा २०%, संरक्षण शिक्षामा १०% र बाँकि १०% उपभोक्ता समितिको प्रशासनिक काममा खर्च हुन्छ ।

## उपलब्धिहरु

विगत एक दशक देखि नेपालका विभिन्न संरक्षित क्षेत्रहरूमा लागू भएको मध्यवर्ति कार्यक्रमले थुप्रै उपलब्धिहहरू हाँसिल गरेका छन् । विभिन्न स्रोतबाट प्राप्त सूचनाहरू, उपलब्ध अध्ययन प्रतिवेदनहरू र लेखकहरूको यस क्षेत्रमा लामो अनुभवका आधारमा यी उपलब्धिहरूलाई मूलतः निम्न चार पक्षमा विश्लेषण गर्न सकिन्छ ।

### क) सरकार–जनता सहकार्य

नेपालमा विक्रम सम्बत २०२० को दशक देखि नै सुरू भएको संरक्षित क्षेत्र मार्फत प्रकृति संरक्षण गर्ने अभियानमा मूलतः राज्यको मात्र सक्रियता थियो । स्थानीय समुदायहरूले यस्ता संरक्षित क्षेत्रहरूको स्थापना र संरक्षणमा विरलै मात्र साथ दिए कतिपयले त कानुनी प्रावधान एवं शक्तिशाली सैनिक बलको उपस्थिति र दमनको सम्भावनाका कारणले मात्र समर्थन गरेका थिए । यस्तो परिस्थितीमा स्थानीय सहभागिता नाम मात्रको थियो । यस्तो शत्रुतापूर्ण सम्बन्धका कारणले एकातिर संरक्षण कार्य निकै खर्चिलो भएको थियो भने अर्कोतिर संरक्षित क्षेत्रहरूको दिर्घकालिन स्थायित्वमा पनि खतरा बढेको थियो ।

मध्यवर्ति कार्यक्रमले पहिलोपटक सरकार र स्थानीय समुदायको बीच सहकार्य गर्ने अवसर मिलाइदियो । संरक्षित क्षेत्रको आम्दानीमा हिस्सेदार हुन पाउने र स्थानीय स्तरमै निर्वाचित जनताका निकायहरू मार्फत स्रोत व्यवस्थापन एवं विकास निर्माणमा जुट्न पाउने वातावरणले यो सहकार्य बढ्यो । स्थानीय प्रतिनिधीहरू बीच संरक्षित क्षेत्र प्रतिको अपनत्व बढ्यो र उनीहरू त्यस्ता क्षेत्रको व्यवस्थापनमा आफुलाई आधिकारिक हिस्सेदारको रूपमा हेर्न थाले । यसबाट चोरी शिकारी वा अन्य गैर कानुनी स्रोत उपयोगमा कमि आउनुको साथै मध्यवर्ति क्षेत्रको स्रोत संरक्षण हुन सक्यो ।

### ख) सामाजिक–आर्थिक विकास

मध्यवर्ति क्षेत्रका बासिन्दाको सामाजिक-आर्थिक विकास यो कार्यक्रमको अर्को महत्वपूर्ण उपलब्धि हो । हुन त देश भरिका संरक्षित क्षेत्रमा यसको एकमुष्ट अध्ययन भएको छैन, केही छिटपुट अध्ययनहरू, स्थानीय बासिन्दाहरूसँगको सामान्य अर्न्तक्रिया र सरकारी अधिकारीहरूसँगको छलफलका आधारमा यो कार्यक्रमले सामाजिक, आर्थिक उन्नतिमा राम्रो गरी सघाएको देखिएको छ । भौतिक पूर्वाधार, आय आर्जनका थप अवसरहरू, चेतना स्तरमा भएको वृद्धि, प्राकृतिक स्रोतको उपलब्धता आदिले यसमा सकारात्मक प्रभाव पारेका छन् ।

### ग) स्रोत संरक्षण

मध्यवर्ति क्षेत्रका वन, चरन क्षेत्र, सिमसार क्षेत्र आदिको संरक्षण अभियानबाट यहाँको वातावरणिय अवस्थामा सुधार हुनुका साथै वन स्रोतको स्थानीय आवश्यकता परिपूर्तिमा समेत सकारात्मक प्रभाव परेको छ । खासगरी सामुदायिक वन कार्यक्रम निकै प्रभावकारी देखिएको छ । हाल विभिन्न मध्यवर्ति क्षेत्रमा जम्मा ३७६ वटा सामुदायिक वन समूहहरू गठन भइ सञ्चालन भएका छन् जसले करिब १

लाख ६० हजार हेक्टर वन क्षेत्र व्यवस्थापन गरिरहेका छन्। यसबाट वन क्षेत्र विस्तार भएको, जलाधार संरक्षण भएको, मध्यवर्तिमा वन्यजन्तुको आवागमन बढेको र वन पैदावारको उपलब्धता बढेको पाइएको छ।

### घ) संस्थागत विकास/नेतृत्व विकास

यो कार्यक्रमको एक महत्वपूर्ण उपलब्धि भनेको संरक्षण कार्यमा संस्थागत विकास हुनु र स्थानीय समुदाय बीच नेतृत्व क्षमताको विकास हुनु हो। यस कार्यक्रम अन्तरगत उपभोक्ता समूहहरू, उपभोक्ता समितिहरू, व्यवस्थापन समिति, सहकारी संस्था जस्ता विविध संरचनाहरूको विकास भएको छ। यि संस्थाहरूले संरक्षण लगायत स्थानीय स्तरमा विकास निर्माण र अन्य आर्थिक, सामाजिक तथा साँस्कृतिक गतिविधिहरू सञ्चालन गरिआएका छन्। हालसम्म मध्यवर्ति क्षेत्रमा ११ वटा परिषद्, १४१ वटा उपभोक्ता समितिहरू र ४०७५ वटा उपभोक्ता समूहहरू कार्यरत छन्। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, २००८) जस अन्तर्गत हजारौ महिला तथा पुरूषहरू सक्रिय छन्। साथै कार्यक्रम अन्तर्गतका तालीम, गोष्ठी, बैठक, भ्रमण आदिमा सहभागी भइ हजारौं स्थानियबासीले सामाजिक नेतृत्वका साथै विभिन्न संस्थागत तथा प्राविधिक पक्षमा क्षमता हाँसिल गरेका छन्। यसबाट मध्यवर्ति क्षेत्रका समस्याहरूको समाधानमा स्थानीय क्षमता बढेको छ।

## मुख्य सवालहरु

उल्लेखित उपलब्धिहरूका बावजुद मध्यवर्ति कार्यक्रमका नीतिगत पक्ष, संस्थागत संरचना र कार्यान्वयन प्रक्रियामा केही महत्वपूर्ण सवालहरू उठेका छन्। यहाँ तीन प्रमुख सवालहरूको चर्चा गरिएको छ।

### क) कमजोर मध्यवर्ति संस्थाहरू

मध्यवर्ति कार्यक्रम सञ्चालनका महत्वपूर्ण अंगहरू भनेका उपभोक्ता समूहहरू, समितिहरू र मध्यवर्ति क्षेत्र व्यवस्थापन समितिहरू हुन्। यी संस्थाहरूले यस क्षेत्रको संरक्षण, सामाजिक आर्थिक विकासमा महत्वपूर्ण योगदान गरेका छन्। तर यिनका कामहरूमा थुप्रै कानुनी र प्रक्रियागत उल्झनहरू छन्। मध्यवर्ति क्षेत्र व्यवस्थापन समितिको कानुनी हैसियत निकै कमजोर छ। मध्यवर्ति क्षेत्र व्यवस्थापन नियमावली अनुसार यो समितिलाई संरक्षित क्षेत्रबाट प्राप्त हुने रकमलाई मध्यवर्तिका इकाइहरू मध्ये कसले कति पाउने भन्ने कुराको निर्णय गर्ने अधिकार मात्र छ। उपभोक्ता समितिहरूको कामको जिम्मा धेरै भएपनि उनीहरूसँग आफ्नो क्षेत्रको स्रोतको व्यवस्थापनको पूर्ण अधिकार छैन। संरक्षित क्षेत्रका संरक्षकलाई मध्यवर्तिका धेरै काम कारबाहीको अधिकार दिइएको छ। संरक्षकले उपभोक्ता समितिलाई कारबाही गर्नसक्ने, भङ्ग गर्न सक्ने समेत प्रावधान छ। मध्यवर्तिका संस्थाहरू कानुनी रूपमा मात्र कमजोर होइनन् उनीहरूको व्यावसायिक क्षमता पनि निकै कमजोर छ। मध्यवर्ति कार्यक्रम अन्तर्गतका विभिन्न योजनाहरू सञ्चालन गर्न र अन्य विविध गतिविधिहरूका लागि पुरा गर्नुपर्ने प्रकृयाहरू र प्रशासनिक माग अनुसारका कागजातहरू तयार गर्ने क्षमता यी संस्थाहरूमा छैन। यसबाट उनीहरू झन् कमजोर हुन पुगेका छन्। त्यसैगरी संस्थाहरूको जिल्ला विकास समिति र गाऊँ विकास समिति सँग आवश्यक समन्वय र सहकार्यको अभाव छ। मध्यवर्ति कार्यक्रम भएका ठाँऊका स्थानीय सरकारहरूले यो कार्यक्रममा आफ्नो ठाँऊ देखेका छैनन्। त्यसैले यी संस्थाहरूलाई कानुनी हिसाबले अधिकार सम्पन्न बनाउने,

उनीहरूको व्यवसायिक क्षमता बढाउने, कार्यक्रमको संरचनामा स्थानीय सरकारहरूलाई पनि समावेश गराउने कुरामा ध्यान पुगेको छैन। त्यसैले मध्यवर्ति कार्यक्रम सही रूपमा सहभागितामूलक हुन सकेको छैन ।

### ख) गरिब र सिमान्तकृतको पहुँच

मध्यवर्ति कार्यक्रममा पनि अन्य ग्रामीण विकास कार्यक्रमहरूमा जस्तै समुदायका टाठाबाठाको बर्चस्व रहेको छ। कार्यक्रमले जुन समुदाय र सामाजिक वर्गलाई लक्षित वर्गको रूपमा प्राथमिकतामा पार्नुपर्ने हो त्यसमा अझै कमि छ। मध्यवर्ति संस्थाहरूमा प्राय गरेर उपल्लो जातका र अलि सम्पन्न वा मध्यम वर्ग त्यसमा पनि पुरूषहरूको बाहुल्य रहेको छ भने गरिब, दलित, आदिवासी र खासगरि ति समुदायका महिलाहरूको उपस्थिती र प्रभाव न्युन छ। जस्तै कि चितवन मध्यवर्ति व्यवस्थापन समितिमा अहिले समेत तेश्रो निर्वाचन भइसक्दा पनि महिला प्रतिनीधिहरूको उपस्थिति शुन्य छ। निर्णय प्रक्रियामा उनीहरूको कमजोर उपस्थितीसँगै मध्यवर्ति कार्यक्रमका लाभहरूमा पनि उनीहरूको पहुँच कम भएको छ। फलतः मध्यवर्ति कार्यक्रमको उद्धेश्य र उपलब्धिमा ठूलो अन्तर सिर्जना भइ यसको औचित्यमा नै प्रश्न आएको छ।

यो समस्यालाई बुझेर कार्यक्रममा त्यस्ता वर्गको पहुँच र प्रभाव बढाउन कार्यक्रमको संरचनामा केही परिवर्तन गरिएको छ। सिमान्त वर्गलाई विशिष्ट लक्षित समूहको वर्गमा राखि उनीहरूलाई समूहमा आवद्ध गर्न तथा आय आर्जन लगायतका कार्यक्रमहरूमा सहभागी गराउन पहल भएको छ। महिलाहरूको सहभागिताका लागि महिलाका बेग्लै समूहहरू बनाउने तथा उपभोक्ता समितिमा कम्तिमा ३३% हुनुपर्ने मान्यता बनाइएको छ। तर पनि यी प्रावधानहरू उनीहरूको निर्णय प्रक्रिया एवं फाइदाहरूमा पहुँच बढाउन पर्याप्त देखिएका छैनन् ।

### ग) जीविकोपार्जनमा कम योगदान

मध्यवर्ति कार्यक्रम पनि सामान्य चलन चल्तिको भौतिक पूर्वाधार र आधुनिकतासँग गासिएका विकास गतिविधिहरू भन्दा बाहिर जान सकेन। यसले प्राकृतिक स्रोतहरूको बुद्धिमतापूर्वक संरक्षण र दिगो व्यवस्थापन मार्फत दिगो ग्रामीण जीविकोपार्जनलाई सघाउन नसकेको देखियो। मोटर बाटो बनाउने, भवनहरू निर्माण गर्ने नदीमा तारजाली तटबन्ध लगाउने जस्ता क्रियाकलापले भूमिहिन र गरिबको दैनिक गुजारामा आशातित परिवर्तन ल्याउन सकेन। यसरी हेर्दा प्रकृति संरक्षण र जीविकोपार्जन बीचको सम्बन्धलाई बलियो गरी स्थापित गर्न यो कार्यक्रमका अगाडी धेरै चुनौतिहरू छन् ।

## सिकाइ

स्थानीय स्तरको अभ्यास र परिक्षण गर्दै त्यसकै आधारमा नीति नियमहरूलाई परिमार्जन गर्दै गएमा कार्यक्रम धेरै व्यवहारिक हुन सक्ने कुरा मध्यवर्ति कार्यक्रमले देखाएको छ। कार्यक्रमको सुरूवातमा भौतिक पूर्वाधारले धेरै प्राथमिकता पाएपनि स्थानीय तहको सिकाईअनुसार यसलाई क्रमिकरूपमा आय आर्जन, स्रोत संरक्षण, संरक्षण शिक्षा जस्ता विभिन्न पक्ष सहितको सन्तुलित र समग्र विकासको अवधारणा अनुसार डोऱ्याउने प्रयत्न भएको छ। त्यसैगरी सिमान्तकृत वर्गलाई समावेश गर्न मध्यवर्तिका संस्थाहरूको संरचना र गठन विधिमा सुधार गर्दै लगिएको छ। यी प्रयत्नहरूले के

देखाउछन् भने केन्द्रबाट जतिसुकै सोच विचार र राम्रो गृहकार्य सहित ल्याइएको कार्यक्रम भएपनि त्यसमा प्रशस्त कमजोरी हुन्छन् । काम अगाडी बढ्दै जाँदा मात्र यस्ता कुराको व्यवहारिक ज्ञान निर्माण हुन्छ । त्यसैले नीति निर्माण प्रक्रियालाई गर्दै, सिक्दै, परिमार्जन गर्दै जाने प्रक्रियाको रूपमा लिनुपर्छ ।

मध्यवर्ति कार्यक्रममा सहभागितामूलक अवधारणा र यसका विधिहरूलाई अपनाउने प्रयत्न गरेको देखिन्छ । यो कार्यक्रमले हजारौं महिला तथा पुरूष उपभोक्ता समूहबाट उपभोक्ता समिति हुदै मध्यवर्ति क्षेत्र व्यवस्थापन समितिसम्म प्रतिनिधित्व गर्ने अवसर दिएको छ । त्यस्तै योजनाहरू निर्माण गर्दा वा कार्यान्वयन गर्दा सहभागितामूलक विधिहरूलाई प्राथमिकता दिइएको छ । यति हुँदा हुदै पनि समुदायका दलित, गरिब, आदिवासी र महिलाहरूको नेतृत्व एवं लाभांशको हिस्सामा कमै पहुँच छ । यसरी हेर्दा नामका सहभागितामूलक प्रक्रियाहरू भित्र कमजोरीहरू हुनेरहेछन् भन्ने यसले देखाउछ । झट्ट हेर्दा निकै सहभागितामूलक देखिने विकास कार्यक्रममा पनि ऐतिहासिकरूपमा विद्यमान सामाजिक असमानताहरूका कारण कमजोर समूहहरूको सिमान्तिकरण जारी रहदोरहेछ ।

## सारांश

नेपालको प्रकृति संरक्षण अभियानमा मध्यवर्ति कार्यक्रमले सहभागितामूलक अवधारणालाई बलियो गरी स्थापित गरेको छ । यसले संरक्षणमा राज्य र नागरिकको साझेदारी बढाउनुको साथै संरक्षणका लागि स्थानीय तहमा संस्थागत संरचना एवं बलियो नेतृत्वको विकास गरेको छ । तर हालको नीतिगत र कानुनी संरचनामा परिवर्तन गरी स्थानिय संस्थाहरूलाई अधिकार सम्पन्न र सक्षम बनाउने ठूलो चुनौती रहेको छ । मध्यवर्ति संस्थाहरूलाई अधिकार सम्पन्न, समावेशी र क्षमतावान बनाउदै लगेमा यसले संरक्षित क्षेत्रको दिगो व्यवस्थापनमा सघाउनुको साथै स्थानीय जीविकोपार्जनमा पनि सकारात्मक योगदान पुऱ्याउन सक्ने देखिन्छ । यतिबेलाको राज्य पुर्नसंरचनाको फराकिलो बहसमा यी संभावनाहरूलाई विचार गर्दै मधयवर्ति क्षेत्र व्यवस्थापनमा स्थानीय सरकार र स्थानीय समुदायको भूमिकालाई कसरी बढाउने भन्ने विषयमा रचनात्मक बहसको आवश्यकता छ ।

## सन्दर्भ सामाग्रीहरु


**Bajimaya, S. 2003.** Nepal's experience in participatory biodiversity conservation with emphasis on buffer zone initiatives. *Policy Matters*, 12: 276-182.

**Basnet, K.** 1992. Conservation Practices in Nepal: Past and Present. *Ambio*, **21**(6): 390-393.

**Brown, K.** 1997. The Political Ecology of Biodiversity, Conservation and Development in Nepal's Terai: Confused Meanings, Means and Ends. *Ecological Economics*, **24**: 73-87.

**Budhathoki, P.** 2003. A Category V Protected Landscape Approach to Buffer Zone Management. *Parks*, **1**3: 22-30.

**Budhathoki, P.** 2004. Linking Communities with Conservation in Developing Countries: Buffer Zone Management Initiatives in Nepal. *Oryx*, **38**(3): 334-341.

**Budhathoki, P.** 2005. Royal Chitwan National Park: A World Heritage Site with Buffer Zone. In: U. R. Sharma and P. R. Yonzon (Eds.) People and Protected Areas in South Asia. Kathmandu, Resources Himalaya, pp. 50-55.

**Campbell, B.** 2003. Resisting the Environmentalist State. In: D. Gellner (Ed.) *Resistance and the State: Nepalese Experience.* Social Science Press. pp. 83-112

**CARE/Nepal**. 2003. Royal Bardia National Park Buffer Zone Development Project Nepal Phase II: Project Implementation Report Proejct Management Team, CARE/Nepal.

**Davies, K.F., Gascon, C. and Margules, C.R.** 2001. Habitat Fragmentation: Consequences, Management and Future Research Priorities. *Conservation Biology: Resaerch Priorities for the 21st Century.* M. E. Soule and G. H. Orians. Washington DC: Island Press. (pp. 81-98).

**DNPWC.** 2005. Annual Report (2061/62). Kathmandu: Department of National Park and Wildlife Conservation

**Furer-Haimendorf, C.V.** 1986. Forewords. In: L. Tuting and P. Dixit (Eds.) Bikas/Binas: Development and Destruction. Munich, Goebuch.

**Ghimire, K.B.** 1992. Forest or Farm? *The Politics of Poverty and Land Hunger in Nepal.* Delhi: Oxford University Press.

**Ghimire, K.B.** 1994. Parks and People: Livelihoods Issues in National Parks Management in Thailand and Madagascar. *Development and Change*, **25**: 195-229.

**Guneratne, A.** 1998. Modernisation, the State and the Construction of Tharu Identity in Nepal. *The Journal of Asian Studies*, **57**(3): 749-773.

**Heinen, J.T. and Mehta, J.N.** 1999. Conceptual and Legal Issues in the Designation and Management of Conservation Areas in Nepal. *Environmental Conservation*, **26**(1): 21-29.

**Heinen, J.T. and Yonzon, P.B.** 1994. A Review of Conservation Issues and Programs in Nepal: From a Single Species Focus toward Biodiversity Protection. *Mountain Research and Development*, *14*(1): 61-76.

**HMGN.** 1993. Fourth Amendment to the National Park and Wildlife Conservation Act2029. Nepal Gazette, Ministry of Law and Justice. 43.

**Johnson, C.** 2001. Local Democracy, Democratic Decentralisation and Rural Development: Theories, Challenges and Options for Policy. *Development Policy Review,* **19**(4): 521-532.

**McLean, J. and Straedes, S.** 2003. Conservation, Relocation, and the Paradigms of Park and People Management: A Case Study of Padampur Villages and the Royal Chitwan National Park, Nepal. *Society & Natural Resources,* **16**(6): 509-526.

**Mishra, H.R.** 1984. A Delicate Balance: Tiger, Rhinoceros, Tourists and Park Management vs. the Needs of the Local People in Royal Chitwan National Park. J. A. McNeely and K. Miller (Eds.). National Parks, Conservation and Development: The Role of Protected Areas in Sustaining Society. Washington, Smithsonian Institute Press: 197-205.

**Muller-Boker, U.** 1999. *The Chitwan Tharus in Central Nepal: An Ethnological Approach.* Stuttgart: Franz Steiner Verlag Stuttgart.

**Newmark, W.D.** 1996. Insularization of Tanzanian Parks and the Local Extinction of Large Mammals. *Conservation Biology,* **10**(6): 1549-1556.

**Nightingale, A.** 2003. Nature-Society and Development: Social, Cultural and Ecological Change in Nepal. *Geoforum,* **34**(4): 525-540.

**Noss, R.F.** 2002. Context Matters: Consideration for Large Scale Conservation. *Conservation in Practice,* **3**(3): 10-19.

**Paudel, N.S.** 2005a. Conservation and Livelihoods: Exploring Local People's Responses to Conservation Interventions in Royal Chitwan National Park, Nepal. *PhD Dissertation*, UK: International and Rural Development Department, University of Reading.

**Paudel, N.S.** 2005b. Protected Areas and Reproduction of Social Inequality. *Policy Matters,* **14**: 155-168.

**Sharma, U.R. and Shaw, W.W.** 1996. Nepal: Impact Zones and Conservation - An Innovative Approach to Securing Boundaries of the Royal Chitwan Naitonal Park. *The Rural Externtion Bulletin*, **9**: 33-37.

**Shrestha, N.R.** 2001. *The Political Economy of Land, Landlessness and Migration in Nepal.* New Delhi: Nirala.

**Shrestha, N.R. and Conway, D.** 1996. Ecopolitical Battles at the Terai Frontier of Nepal: An Emerging Human and Environmental Crisis. *International Journal of Population Geography,* **2**(4): 313-331.

**Thapa, C.** 2001. Shukla Phanta Reserve Begin Evacuating People from Extended Area. The Kathmandu Post. Kathmandu.

**UNDP**. 2004. Impact Assessment of Buffer Zone Programme in Nepal. Kathmandu.

**Wikramanayake, E., Dinerstein, E., Allnut, T., Loucks, C. and Wettengel, W.** 1998. *A Biodiversity Assessment and Gap Analysis of the Himalayas*. Washington DC: World Wildlife Fund.